# सत्य निरुपण तथा मेलमिलाप आयोग सम्बन्धि प्रस्तावित विधेयकमाथि लैङ्गिक सुझावहरु (Gender Recomendation)

दश वर्षको सशस्त्र द्वन्द्वबाट महिलाहरु नै सबभन्दा बढी पीडित भएका छन् । तर पीडित महिलाहरु न्यायको पहुँच भन्दा बाहिर पारिएका छन् । दिगो शान्ति र लोकतन्त्रको संस्थागत विकासका लागि विगतमा महिलामाथि भएका ज्यादती र हिंसाका विभिन्न पक्षलाई सम्बोधन गरी पीडितलाई न्याय र पीडकलाई जवाफदेही बनाउन संक्रमणकालिन न्याय संरचना बनाइनु पर्दछ । जसले भविष्यमा त्यस्ता उल्लंघनको पुनरावृत्ति नहुने सुनिश्चतता पनि गर्न सकोस् ।

नेपालमा बन्ने संक्रमणकालीन न्याय संरचना प्रभावकारी र व्यापक क्षेत्राधिकार भएको हुनु पर्दछ । अधिकार सम्पन्न, स्वतन्त्र, सत्य निरूपण आयोग, विस्तृत क्षतिपूर्ति, पुर्नलाभ र पुर्नस्थापनासम्बन्धी कार्यक्रम, दोषीलाई कारवाही गर्ने बलियो न्यायिक संरचना, महिलामाथि हुँदै आएको हिंसालाई संस्थागत गर्ने संरचनाको सुधार, जाति, लिङ्ग, क्षेत्रको आधारमा हुँदै आएको भेदभाव र त्यसलाई संस्थागत गर्ने सबै सामाजिक संरचनाको सुधार संक्रमणकालिन न्याय संरचनाले गर्नु पर्दछ ।

सशस्त्र द्वन्द्वबाट प्रत्यक्ष रुपमा प्रभावित महिलाहरुसँग व्यापक छलफल र उनीहरुको सहभागिता बिना संक्रमणकालिन न्यायको महत्वपूर्ण संयन्त्रमा पर्ने सत्य निरूपण तथा मेलमिलाप आयोगको स्थापना हुन सक्दैन । साथै आयोगको क्षेत्राधिकार र जनविश्वास, आयुक्त र कर्मचारीहरुको योग्यता तथा नियुक्ति प्रकृया, आर्थिक स्रोत तथा आयोगले गर्ने सिफारिशको कार्यान्वयनमा यसको प्रभावकारिता निर्भर गर्दछ । सशस्त्र द्वन्द्वबाट पीडित र नागरिक समाजको विश्वास नै आयोगको सफलताको पूर्व शर्त हो । पीडित, मानवअधिकार र महिलाअधिकारका लागि सक्रिय संस्थाहरु तथा नागरिक समाजसँगको व्यापक छलफलबाट मात्र आयोगले विश्वास आर्जन गर्न सक्छ ।

सरसर्ती हेर्दा सत्य निरूपण आयोगको प्रस्तावित विधेयक आधारभूत रूपमा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय मानवअधिकार सम्बन्धी कानूनहरु विशेष गरी महिला विरूद्ध हुने सबै प्रकारका हिंसा अन्त्य गर्ने सम्बन्धि संयुक्त राष्ट्रसंघीय महासन्धिसंग Consistent रहनुपर्ने आवश्यक छ । त्यस्तै यो विधेयक अन्तर्राष्ट्रिय मानवीय कानूनहरु, संयुक्त राष्ट्रसंघीय विभिन्न घोषणाहरु र न्यायको मूल्य मान्यतासंग पनि Consistent रहनुपर्ने आवश्यक छ । प्रस्तावित विधेयकमा लैङ्गिक दृष्टिकोणबाट गम्भीर समस्याहरु छन् । त्यसैले प्रस्तावित विधेयकमा महिलाहरूको सुझावहरुको आधारमा महिलाहरुको व्यापक सहभागितालाई सुनिश्चित गर्दै लैङ्गिक दृष्किोणले सवेदनशील विधेयक मस्यौदा गर्नुपर्ने आवश्यकता छ ।

प्रस्तावित विधेयक कतिपय अत्यावश्यक संयन्त्रहरुका बारेमा मौन छ जसको निर्माणका लागि सिफारिश गर्न सक्ने क्षेत्राधिकार आयोगको हुनु पर्दछ । महिला विरूद्धका अपराधको अनुसन्धान गर्न महिला अनुसन्धान अधिकृत, प्रहरी, वकील साथीको विशेष समिति बनाउने व्यवस्था, महिलाहरुले आफुमाथि भएका ज्यादतीहरुलाई आयोग समक्ष भन्न सक्ने वातावरण तयार पार्न र सत्य आयोग हेर्ने महिलाअधिकार उल्लंघन सम्बन्धि व्यापक जनचेतना जगाउनका लागि समेत छुट्टै समिति हुनुपर्ने व्यवस्था, हाल भएको न्यायिक संरचनाले मानवअधिकार उल्लंघनका अपराधका दोषीलाई सजाय गरी पीडितलाई न्याय दिन नसकेकाले मानवअधिकार उल्लंघनका अपराधको अनुसन्धान गर्न, सुनुवाई र कारवाही गर्न छुट्टै प्रहरी इकाई, अनुसन्धान इकाई र विशेष अदालतको आवश्यक पर्ने हुँदा सो समेतको अध्ययन गरी आवश्यक सुधारको सिफरिश गर्न आयोग भित्रै समिति बनाउने व्यवस्था आदि ।

प्रस्तावित विधेयकमा भएका कतिपय व्यवस्था नयाँ बन्ने विधेयकमा रहने हो भने माथि उल्लेखित संरचनाको सिफारिश गर्ने समिति सहित निम्न अनुसारको सम्बोधन गर्नु जरुरी छ । यो मस्यौदा विभिन्न महिलासंग संस्थाहरूसंग छलफल गरि तयार पारिएको हो । प्रस्तावित विधेयकमा भएको व्यवस्थाहरुमा गर्नुपर्ने संशोधन, संशोधन गर्नुपर्ने कारण सहित निम्नअनुसार प्रस्तुत गरिएको छ ।

Scanned with CamScanner

| क्र.सं. | दफा | प्रस्तावित व्यवस्था | हुनुपर्ने व्यवस्था | कारणहरू |
|---|---|---|---|---|
| १ | प्रस्तावना | "मानवअधिकारको गम्भीर उल्लघन तथा मानवता विरुद्धको अपराधमा संलग्न व्यक्तिलाई कानूनको दायराभित्र ल्याई भविष्यमा त्यस्तो काम गरेमा सजाय हुने तर्फ सतर्क गराउन पीडक र पीडित तथा निजका परिवारबीच मेलमिलापको वातावरण बनाउन" | "सशस्त्र द्वन्द्वका क्रममा मानवअधिकार, महिलाअधिकार तथा मानवीय कानूनको उल्लंघनसँग सम्बन्धित घटना एव व्यक्तिहरूकोबारेमा सत्य अन्वेषण गरी वास्तविक तथ्य जनसमक्ष ल्याउन, गैर न्यायीक हत्या, बेपत्ता, यातना, यौनजन्य हिंसा, दुर्व्यवहार, मानवता विरुद्धको अपराध, युद्धअपराध लगायत मानवीय कानूनको गम्भीर उल्लंघनका अपराधमा संलग्न व्यक्तिलाई कानूनको दायराभित्र ल्याई दण्डहिनताको अन्त्य गर्न, पीडितको न्याय पाउने अधिकारको सम्मान गर्दै सशस्त्र द्वन्द्वबाट पीडित भएकाहरूलाई परिपुर्ण, अभियोजन तथा यस्ता घटना भविष्यमा नदोहोरिने कुराको सुनिश्चिता गरी न्यायको प्रत्याभूति गर्न तथा न्यायको प्रतिकूल नहुने गरी समाजमा मेलमिलाप समेत गराउन वाञ्छनीय भएकाले एक स्वतन्त्र, सक्षम र निष्पक्ष सत्य निरुपण तथा मेलमिलाप आयोगको स्थापना गर्न व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ" | नेपालले अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी कानुनहरू विशेषगरी महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य गर्ने सम्बन्धि संयुक्त राष्ट्रसंघीय महासन्धि, नागरिक राजनीतिक अधिकार सम्बन्धि अनुबन्ध, यातना विरुद्धको महासन्धिलाई हस्ताक्षर गरिसकेको र ती सन्धिहरूले पीडितको न्याय पाउने अधिकार र राज्यको गम्भीर प्रकृतिका मानवअधिकार उल्लंघनका अपराका दोषी उपर छानबिन गरी कारवाही गर्नुपर्ने र पीडितलाई उचित क्षतिपूर्ति र न्याय दिनुपर्ने दायित्व तोकेकाले र ती सन्धिहरू नेपालको सन्धि ऐन अनुसार नेपाललाई कानून सरह लागू हुने भएकाले। |
| २ | २ (छ) परिभाषा | "पीडित" भन्नाले सशस्त्र द्वन्द्वको क्रममा भएका मानवअधिकारको गम्भीर उल्लंघन वा मानवता विरुद्धको अपराधजन्य घटनाको परिणामस्वरुप मृत्यु भएको वा शारीरिक, मानसिक वा आर्थिक रुपमा हानि नोक्सानी पुगेको व्यक्ति सम्झनु पर्छ। | "पीडित" भन्नाले सशस्त्र द्वन्द्वको क्रममा भएका मानवअधिकार उल्लंघन वा उल्लंघनसम्बन्धी अपराधजन्य घटनाको परिणाम स्वरुप मृत्यु, बेपत्ता भएको, यौन शोषणमा परेको वा शारीरिक, मानसिक वा आर्थिक रुपमा हानि नोक्सानी पुगेको व्यक्ति, परिवार वा समूह सम्झनु पर्छ। यो शब्दले पीडितका आश्रित समेतलाई जनाउँछ। | प्रस्तावित विधेयकमा भएको पीडित सम्बन्धी परिभाषा अत्यन्त संकुचित भएकाले र नेपालमा भएको द्वन्द्वबाट कतिपय अवस्थामा पुरै परिवार र समाज वा समूह विशेष नै प्रभावित भएका तथा मानवअधिकारको संरक्षण र प्रवर्धनमा लागि दण्डहिनता विरुद्धको कारवाही सम्बन्धि संयुक्त राष्ट्रसंघीय सिद्धान्तले पीडितको परिभाषा व्यापक रुपले गर्नु पर्ने निर्देशित गरेकाले। |
| ३ | २ (छ) | "पीडक" भन्नाले सशस्त्र द्वन्द्वको क्रममा मानवअधिकारको गम्भीर उल्लंघन गर्ने वा मानवता विरुद्धको अपराधमा संलग्न व्यक्ति सम्झनु पर्छ। | "पीडक" भन्नाले सशस्त्र द्वन्द्वको क्रममा मानवअधिकार, मानवीय कानूनको उल्लंघन तथा यौन हिंसा सम्बन्धि अपराधमा संलग्न व्यक्ति सम्झनु पर्छ। | धेरै महिलामाथि यौन हिंसा भएकाले यस्ता यौन हिंसामा संलग्न व्यक्ति समेतलाई पीडकको रुपमा परिभाषा गर्न जरुरी भएकाले। |
| ४ | २ (ज) | "परिवार" भन्नाले पीडितको पति, पत्नी, छोरा, छोरी, बाबु, आमा, सासु, ससुरा, बाजे, बज्यै, नाति, नातिनी वा सगोलको दाजुभाई वा दिदीबहिनी सम्झनु पर्छ। | "परिवार" भन्नाले पीडितको पति, पत्नी, छोरा, छोरी, बाबु, आमा, सासु, ससुरा, बाजे, बज्यै, नाति, नातिनी वा सगोलको दाजुभाई वा दिदीबहिनी वा सँगै बस्ने जोडी समेतलाई सम्झनु पर्छ। | यौन अल्पसंख्यक र समलिङ्गीहरू समेतको परिवारिक संरचनालाई र सँगै बसेका तर विवाह नगरेका जोडी समेतलाई समेट्नु जरुरी भएकाले। |
| ५ | २ (फ) | थप्नुपर्ने | परिपुरण भन्नाले क्षतिपूर्ति, पुनर्स्थापना, रोजगारी, स्वास्थ्य, शिक्षाजस्ता कुराहरूमा पहुँच, सन्तुष्टी र ज्यादती नदोहोरिने प्रतिवद्धता समेतलाई जनाउँछ। | नेपालमा क्षतिपूर्तिको परिभाषा संकुचित रुपले गर्ने गरिएकाले,<br>विस्तुत रुपले यसको परिभाषा नगरे पूर्ण पुर्नलाभ नहुने हुँदा<br>संयुक्त राष्ट्रसंघीय सिद्धान्तले विस्तृत परिभाषा गर्न निर्देशित गरेकाले। |



Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ६ | ३ (१) स्थापना तथा गठन | आयोगको स्थापना: (१) सशस्त्र द्वन्द्वका क्रममा मानवअधिकारको गम्भीर उल्लंघन गर्ने तथा मानवता विरुद्धको अपराधमा संलग्न व्यक्तिहरूको बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्ने काम समेतको लागि सत्य निरुपण तथा मेलमिलाप आयोग स्थापना गरिएको छ। | आयोगको स्थापना: (१) सशस्त्र द्वन्द्वका क्रममा मानवअधिकार, मानवीय कानून तथा महिला विरुद्धका हिंसा सम्बन्धि अपराधमा संलग्न व्यक्तिहरूको बारेमा सत्य अन्वेषण गर्न, त्यस्तो उल्लंघन सम्बन्धि अपराधमा संलग्न व्यक्तिलाई कानूनको दायराभित्र ल्याई दण्डहिनताको अन्त्य गर्न, पीडितलाई परिपूर्ण गरी, न्यायको प्रत्याभूति गर्न, महिला विरुद्ध भएका हिंसाका कारणहरूको पहिचान गरी गर्नुपर्ने संरचनात्मक सुधारका कामहरूको सिफारिश गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्ने काम समेतको लागि सत्य निरुपण तथा मेलमिलाप आयोग स्थापना गरिएको छ। | नेपालमा द्वन्द्वका क्रममा, विभिन्न किसिमका अपराध भएका (तिनलाई) सम्बोधन गर्न, संस्थागत सुधार, कानूनी राज्य र मानवअधिकारको संस्थागत विकास गर्न सिफारिश प्रस्तुत गर्न सक्ने आयोगको क्षेत्राधिकार अवश्यक भएकाले। अन्य देशहरू जस्तै, दक्षिण अफ्रिका, सियारालियन, पेरुमा भएका यस्ता आयोगहरूको अनुभवले पनि आयोगको क्षेत्राधिकार व्यापक हुनुपर्ने देखिएकाले। |
| ७ | ४(२) आयोगको गठन | (२) उपदफा (२) बमोजिमको समितिले मानवअधिकारवादी, मनोविज्ञानवेत्ता, कानूनविद्, नागरिक समाजका अगुवा, पीडित राहतशास्त्री, समाजशास्त्री समेतबाट कम्तीमा एकजना महिला सहित प्रतिनिधित्व हुने गरी अध्यक्ष तथा सदस्यको पदमा नियुक्तिको लागि सिफारिश गर्नु पर्नेछ। | (३) उपदफा (२) बमोजिमको समितिले मानवअधिकारवादी, महिला अधिकारको क्षेत्रमा काम गरेका अधिकारकर्मी, मनोविज्ञानवेत्ता, कानूनविद्, नागरिक समाजका अगुवा, पीडित राहतशास्त्री, समाजशास्त्री समेतबाट कम्तीमा ५० महिला प्रतिनिधित्व हुने गरी अध्यक्ष तथा सदस्यको पदमा नियुक्तिको लागि सिफारिश गर्नु पर्नेछ। | द्वन्द्वका प्रमुख कारण मध्ये निश्चित वर्ग, समुदाय र लिङ्गमाथि हुँदै आएको विभेद तथा राज्य संरचनामा ती समुदायको पहुँच नहुने भएकाले, नेपालले यस्ता कुनै पनि आधारमा विभेद नगर्ने कानूनी प्रतिवद्धता जनाई सकेकाले। नेपालको द्वन्द्वमा धेरै महिलाहरू पीडित भएकाले र देशको सम्पूर्ण जनसंख्याको ५० प्रतिशत महिला भएकाले । |
| ८ | ५. अध्यक्ष तथा सदस्यका लागि योग्यता | थप्नुपर्ने (घ) | महिला अधिकारको सम्मान गर्ने, महिला हिंसामा संलग्न भएको अभियोग नलागेको | महिला अधिकारको क्षेत्रमा कियाशिल भएको र महिला हिंसा सम्बन्धि विषयमा संवेदनशील नभएको व्यक्तिले यस्ता प्रकृतिका अपराधहरूको अनुसन्धान, कारवाही र न्याय गर्न नसक्ने भएकाले |
| ९ | १२. आयोगका कर्मचारी | (१) आयोगका लागि आवश्यक पर्ने कर्मचारीहरू नेपाल सरकारले उपलब्ध गराउने छ। त्यसरी कर्मचारी उपलब्ध गराउँदा नेपाल सरकारले आयोगसँग परामर्श गर्नु पर्नेछ। | (१) आयोगका लागि आवश्यक पर्ने कर्मचारीहरू आयोग आफैले नियुक्ति गर्नेछ। आयोगका कर्मचारीमा कम्तिमा ५० प्रतिशत महिला रहने छन्। | आयोगका कर्मचारी सरकारी कर्मचारी मात्र भएमा आयोगले स्वतन्त्रतापूर्वक काम गर्न नसक्ने, पूर्वाग्रहबाट ग्रसित हुन सक्ने र फेरी सरकारी जागिरमा जानुपर्ने भएकाले सरकार विरुद्धका अपराधहरूको राम्रोसँग अनुसन्धान गर्न नसक्ने र सरकारबाट अनावश्यक हस्तक्षेपको खतरा हुने भएकाले। हरेक क्षेत्रमा महिलाको समानुपातिक प्रतिनिधित्व हुनुपर्ने र देशको सम्पूर्ण जनसंख्याको ५० प्रतिशत महिला भएकाले। |
| १० | १६. आयोगको जाँचबुझ सम्बन्धि अधिकार | थप्नुपर्ने (छ) | आयोगले अनुसन्धान गरेका अभियोगका अभियुक्तहरू सार्वजनिक पदमा बहाल रहेको र निजले प्रमाणमा असर पुऱ्याउन सक्ने सम्भावना रहेमा निजलाई मुद्दाको टुङ्गो नलागेसम्मको लागि निलम्वन गर्न लेखी पठाउने। | यसो नगरे अभियुक्तले पदको दुरुपयोग गर्न सक्ने, प्रमाण लोप गराउन सक्ने र पीडित, साक्षीको असुरक्षा हुने भएकाले। |
| ११ | १८. साक्षी तथा अन्य व्यक्तिको संरक्षण | १८ (६) थप्नुपर्ने | यौन हिंसाका पीडितहरूसँग सोधपुछ गर्दा मनोसामाजिक विमर्शकर्ताको सहयोग उपलब्ध गराइने छ। | धेरै पीडितहरू मानसिक समस्याबाट पीडित भएको र संवेदनशील भएर यस विषयको अनुसन्धान र सोधपुछ गर्नु पर्ने भएकाले। |



Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| १२ | १८. साक्षी तथा अन्य व्यक्तिको संरक्षण | थप्नुपर्ने १८ (७) | पीडित वा साक्षीको सुरक्षाको लागि सुरक्षित गृहको व्यवस्था गरिने छ। | पीडित र साक्षीको सुरक्षाको अभावमा पीडित र साक्षीले आफ्ना सबै कुरा गफ्न सक्ने अवस्थामा नहुने भएकाले। |
| १३ | २०. आयोगको काम कारवाही खुल्ला तथा पारदर्शी हुनुपर्ने | (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिको इज्जत वा सुरक्षामा प्रतिकूल असर पर्ने, शान्ति र सु-व्यवस्थामा खलल पर्ने वा छानविन तथा अनुसन्धान प्रकृयालाई प्रतिकुल असर पार्ने काम कारबाही गोप्य गर्न सकिनेछ। | (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिको इज्जत वा सुरक्षामा प्रतिकूल असर पर्ने, बलात्कार तथा यौन हिंसा वा शोषण सम्बन्धि छानविन वा अन्य प्रकृया गोप्य गर्न सकिनेछ। | यस्ता विषय संम्वेदनशील हुने भएकाले, यौन हिंसाका सम्बन्धमा हाम्रो समाज संवेदनशील नभएको कारण महिला माथिको सामाजिक असर लामो समयसम्म रहन सक्ने भएकाले। |
| १४ | २३. मेलमिलाप गराउन सक्ने: | (१) (१) यस ऐन बमोजिम छानविन तथा अनुसन्धान गर्दा कुनै व्यक्ति दोषी ठहरिएमा आयोगले पीडित र पीडकलाई उपस्थित गराई एक आपसमा मेलमिलाप गराउन सक्नेछ। | यस ऐन बमोजिम छानविन तथा अनुसन्धान गर्ने क्रममा पीडित र पीडकले मेलमिलापका लागि प्रस्ताव गरेमा आयोगले पीडित र पीडकलाई उपस्थित गराई एक आपसमा मेलमिलाप गराउन सक्नेछ। | मेलमिलाप गर्ने कुरामा पीडित र पीडक दुवैको समान मञ्जुरी आवश्यक हुने भएकाले। |
| १५ | २३. मेलमिलाप गराउन सक्ने: | (५) थप्नुपर्ने | माथि जुनसुकै कुरा लेखिएको भए तापनि मानवता विरुद्धका अपराध, गम्भीर प्रकृतिका मानवअधिकार उल्लंघनका अपराध र यौन हिंसाका अपराधमा भने मेलमिलाप गरी मुद्दाको टुङ्गो लगाउन सकिने छैन। | नेपालले हस्ताक्षर गरेको नागरिक राजनीतिक अधिकार सम्बन्धि अनुबन्ध, यातना विरुद्धको महासन्धिले गम्भीर प्रकृतिका मानवअधिकार उल्लंघनका अपराधमा अनुसन्धान गरी दोषीलाई जवाफदेही बनाउनु पर्ने राज्यको दायित्व निर्देशित गरेको हुँदा प्रतिबन्धात्मक वाक्यांश थप्नुपर्ने भएकाले |
| १६ | २७. प्रतिवेदन पेश गर्ने: | (३) उपदफा (१) बमोजिम प्राप्त भएको प्रतिवेदन नेपाल सरकारले व्यवस्थापिका-संसद वा संविधानसभा समक्ष प्रस्तुत गर्नु पर्नेछ। | उपदफा १ बमोजिमको प्रतिवेदन आयोगले सार्वजनिक गर्न सक्ने छ। | आयोग आफैले प्रतिवेदन सार्वजनिक गर्न नसक्ने भएमा आयोग कमजोर हुने, आयोगको सिफारिस कार्यान्वयन नहुने खतरा भएकाले। दण्डहिनता विरुद्धको संयुक्त राष्ट्रसंघीय सिद्धान्तको दफा १३ ले यो अधिकार दिनुपर्ने सिफारिश गरेकाले। |
| १७ | २८. प्रतिवेदन कार्यान्वयन गर्ने जिम्मेवारी: | (ङ) आयोगको प्रतिवेदन कार्यान्वयन गर्न उपयुक्त सम्झेको अन्य काम गर्ने गराउने। | (ङ) आयोगको प्रतिवेदन कार्यान्वयन गर्न आवश्यक कानून वा संरचनाको स्थापनाको लागि आवश्यक सिफारिस गर्ने। | सिफारिस कार्यान्वयन गर्न विद्यमान कानून र संरचन पर्याप्त नहुने भएकाले संयुक्त राष्ट्रसंघीय सिद्धान्तको सिफारिश ३६, ३८ अनुसार पनि उक्त कुराको प्रत्याभूति गर्नु पर्ने राज्यको दायित्व भएकाले। |
| १८ | २८. प्रतिवेदन कार्यान्वयन गर्ने जिम्मेवारी: | (छ) थप्नुपर्ने | आयोगले प्रस्तुत गरेको सिफारिस प्राप्त गरेका अभिलेखहरूको र महत्वपूर्ण दस्तावेजहरू संग्रहित गर्ने राज्यको दायित्व हुनेछ। | भावी पीढिलाई इतिहासको बोध गराउने, नागरिकले भोग्नु परेका पीडाप्रति सम्मान जनाउन र त्यस्को पुनरावृत्ति हुन नदिनको लागि सबैलाई सजग बनाउन र दण्डहिनता सम्बन्धि सिद्धान्तको दफा १३ ले राज्यको उक्त दायित्व निर्दिष्ट गरेकाले। |
| १९ | ३१. आयोगले दिएको प्रतिवेदनको अनुगमन: | (१) आयोगको प्रतिवेदनमा उल्लिखित सिफारिसहरू कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने काम राष्ट्रिय मानवअधिकार आयोगले गर्नेछ। | आयोगको प्रतिवेदनमा उल्लिखित महिला हकसँग सम्बन्धित सिफारिसहरू कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने काम राष्ट्रिय महिला आयोगले गर्नेछ। | महिला सम्बन्धि विषयमा महिला आयोगले नै कार्यगर्ने भएकाले बढी प्रभावकारी हुने भएकाले। |

Scanned with CamScanner